# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं ४८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

## वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : जननेता स्वर्गीय विश्वेश्वर प्रसाद कोईरालाको चीर पुण्यस्मृतिका लागि एवं नेपाललाई स्वास्थ्य क्षेत्रमा क्रमशः आत्मनिर्भर बनाउँदै लैजान, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रवर्द्धन गर्न आवश्यक जनशक्ति तयार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न राष्ट्रिय महत्वको वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना र सञ्चालन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठित सञ्चालक परिषद् (गभर्निङ्ग काउन्सिल) सम्झनु पर्छ।

(ग) "निर्देशक" भन्नाले दफा १३ बमोजिम नियुक्त निर्देशक सम्झनु पर्छ।

१०१०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना : (१) नेपाललाई स्वास्थ्य क्षेत्रमा क्रमशः आत्मनिर्भर बनाउँदै लैजान, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रवर्द्धन गर्न आवश्यक जनशक्ति तयार गर्न वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिएकोछ, जसलाई अंग्रेजी भाषामा "वी.पी. कोईराला इन्स्टिट्यूट अफ हेल्थ साइन्सेस" भनिनेछ।

(२) प्रतिष्ठानको कार्यालय सुनसरी जिल्लाको धरानमा रहनेछ।

४. प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको सबै काम कारवाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. <u>प्रतिष्ठानको उद्देश्य</u>: प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) देशलाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लगी स्तरीय स्वास्थ्य सेवा विकासका लागि चिकित्सा, नर्सिङ्ग तथा स्वास्थ्य क्षेत्रका अन्य विषयहरुमा स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहको शिक्षा प्रदान गर्ने।

(ख) स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्य सम्बन्धी बिभिन्न तालिम प्रदान गर्ने र अन्य स्वास्थ्य संस्थाहरुलाई परामर्श दिने र लिने।

(ग) स्वास्थ्यको क्षेत्रमा आवश्यक अनुसन्धान गर्ने।

(घ) संक्रामक र दुर्पिकल रोगहरुको अनुसन्धान र उपचारको व्यवस्था गरी यी विषयहरुमा राष्ट्रियस्तरको एउटा उत्कृष्ट केन्द्र स्थापना गर्ने।

(ङ) स्वास्थ्य क्षेत्रमा मानवीय श्रोतको विकास तथा स्वास्थ्य

१०९२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञानका शिक्षकहरूको तालिमका लागि राष्ट्रिय श्रोत केन्द्रहरू मध्ये एकको रूपमा काम गर्ने।

६. <u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः</u> प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य क्षेत्रको विभिन्न विषयहरूमा अध्ययन, अध्यापन, अनुसन्धान कार्य सञ्चालन र प्रवर्द्धन गर्ने।

(ख) प्रतिष्ठानद्वारा सञ्चालित कार्यको स्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, अस्पताल वा शैक्षिक संस्थाहरूसंग समन्वय कायम गर्ने ।

(ग) स्वास्थ्य सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने।

(घ) स्वास्थ्य क्षेत्रमा योग्य जनशक्ति तयार गर्नको लागि स्वास्थ्य सम्बन्धी शिक्षण प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने।

१०९३



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रतिष्ठानको उद्देश्य पुरा गर्नको लागि स्वास्थ्य सम्बन्धी विषयहरूमा गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने, गराउने तथा स्वास्थ्य सम्बन्धी विभिन्न प्रकाशन गर्ने, गराउने।

(च) प्रतिष्ठानको सञ्चालन तथा यसको उद्देश्य अनुरूप स्वास्थ्य सम्बन्धी कार्यको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति वा निकायबाट वित्तिय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गरी परिचालन गर्ने।

(छ) स्वास्थ्य सेवाको उपयोगिता र उपादेयता बारे जनमानसमा जागरूकता अभिवृद्धि गर्ने, गराउने।

(ज) स्वास्थ्य सम्बन्धी नीति एवं स्वास्थ्य क्षेत्रको विकासमा श्री ५ को सरकारको परामर्शदाताहरू मध्ये एकको रूपमा कार्य गर्ने।

(झ) स्वास्थ्य सेवामा संलग्न निकायलाई वित्तिय तथा प्राविधिक सहयोग प्रदान गर्ने।

१०९४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) प्रतिष्ठानले दिने शिक्षा र तालिमको व्यवस्था गर्ने, परीक्षा लिने, स्नातक, स्नातकोत्तर र विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधि प्रदान गर्ने।

(ट) छात्रवृत्ति, पदक र पुरस्कारहरू प्रदान गर्ने।

(ठ) स्नातक, स्नातकोत्तर र विद्यावारिधी तथा अन्य कार्यक्रमको लागि पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने।

(ड) स्वास्थ्य सेवामा सूचना प्रवाह र अनुसन्धान प्रवर्द्धनका लागि तोकिएका जिल्लाहरूमा नमूना सूचना एवं अनुसन्धान क्षेत्रको विकास गर्ने।

(ढ) प्रतिष्ठानमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

(ण) प्रतिष्ठानको विभिन्न पदमा तोकिए बमोजिम नियुक्ति गर्ने।

(त) शैक्षिक र अन्य सेवा शुल्कहरू तोक्ने र प्राप्त गर्ने।

१०१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) प्रतिष्ठानको सम्पत्तिको सुरक्षणमा ऋण लिने।

(द) प्रतिष्ठानको सम्पत्तिको लगानी गर्ने।

(ध) प्रतिष्ठानको अक्षयकोष खडा गरी तोकिए बमोजिम सञ्चालन गर्ने।

(न) प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरु गर्ने, गराउने।

परिच्छेद-३

सञ्चालक परिषद र कार्यकारिणी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

७. सञ्चालक परिषदको गठनः (१) प्रतिष्ठानको तर्फबाट गर्नु पर्ने सबै कार्यहरु गर्न देहाय बमोजिमका सदस्यहरु भएको सञ्चालक परिषद्को गठन हुनेछः-

(क) स्वास्थ्यमन्त्री वा स्वास्थ्य राज्यमन्त्री- अध्यक्ष

(ख) प्रतिनिधि सभाका सदस्यहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका दुई सदस्य- सदस्य

(ग) राष्ट्रिय सभाका सदस्यहरु

१०१५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एक सदस्य- सदस्य

(घ) राष्ट्रिय योजना आयोगका सदस्य (स्वास्थ्य क्षेत्र हेर्ने)- सदस्य

(ङ) विश्व विद्यालयहरूका उप-कूलपतिहरू मध्येबाट सञ्चालक परिषद्को अध्यक्षबाट मनोनीत बढीमा दुई व्यक्ति- सदस्य

(च) उप-कूलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान- सदस्य

(छ) सचिव, स्वास्थ्य मन्त्रालय- सदस्य

(ज) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय- सदस्य

(झ) सचिव, अर्थ मन्त्रालय- सदस्य

(ञ) डीन,चिकित्साशास्त्र अध्ययन संस्थान- सदस्य

(ट) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्- सदस्य

१०९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) अध्यक्ष,
नेपाल मेडिकल
काउन्सिल- सदस्य

(ड) स्वास्थ्य वैज्ञानिकहरू
मध्येबाट श्री ५ को
सरकारद्वारा मनोनीत
दुई व्यक्ति- सदस्य

(ढ) प्रमुख, धरान
नगरपालिका- सदस्य

(ण) प्रतिष्ठानका वरिष्ठ
पदाधिकारी तथा
शिक्षकहरू मध्येबाट
सञ्चालक परिषद्को
अध्यक्षद्वारा मनोनीत
चार व्यक्ति- सदस्य

(त) निर्देशक,
प्रतिष्ठान- सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ग), (ङ), (ड) र (ण) बमोजिमका सदस्यहरूको पदावधि तीनवर्षको हुनेछ।

८. <u>परिषद्को बैठक र निर्णयः</u> (१) परिषद्को बैठक कम्तिमा वर्षको दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

१०१८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बहुमतको निर्णय बैठकको निर्णय हुनेछ। बैठकमा बहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ।

(५) बैठकको निर्णय परिषद्को सदस्य सचिवबाट प्रमाणित गरिनेछ।

(६) बैठकको अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने।

(ख) प्रतिष्ठानको नियम बनाउने।

(ग) प्रतिष्ठानको योजना तथा कार्यक्रमहरू स्वीकृत गर्ने।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगती सम्बन्धी समीक्षा एवं मूल्याङ्कन गर्ने र वार्षिक वजेट स्वीकृत गर्ने।

१०१६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने।

(२) परिषद्‌ले यस ऐन बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार समिति र उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि परिषद्‌ले तोके बमोजिम हुनेछ ।

१०. <u>कार्यकारिणी समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u> : (१) प्रतिष्ठानको दैनिक कार्य सञ्चालनको लागि देहाय बमोजिमका सदस्यहरु रहेको कार्यकारिणी समिति हुनेछः-

(क) निर्देशक- अध्यक्ष

(ख) प्रतिष्ठानका शिक्षाध्यक्ष- सदस्य

(ग) स्वास्थ्य मन्त्रालयको प्रतिनिधि- सदस्य

(घ) अस्पताल प्रमुख- सदस्य

(ङ) प्रतिष्ठानका विभागीय प्रमुखहरु मध्येबाट निर्देशकको सिफारिशमा परिषद्‌को अध्यक्षले मनोनीत गरेका दुई व्यक्ति- सदस्य

(च) प्रतिष्ठानको वरिष्ठ प्रशासक- सदस्य-सचिव

१०२० (२०)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(३) कार्यकारिणी समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-४

प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा, शर्त सम्बन्धी व्यवस्था

११. प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको नियुक्ति : प्रतिष्ठानले आवश्यकतानुसार पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तोकिए बमोजिम गर्नेछ।

१२. प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सेवा, शर्त सम्बन्धी व्यवस्था : प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सेवा, शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. निर्देशकको नियुक्ति : (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रूपमा परिषद्को अध्यक्षको सिफारिशमा श्री ५ को सरकारले एक निर्देशकको नियुक्ति गर्नेछ।

(२) निर्देशकको पदावधि चार वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुनः बढीमा चार वर्षको लागि थप गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्को सिफारिशमा

1029



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारले आवश्यक देखेमा निर्देशकलाई निजको पदावधि पूरा नहुँदै पनि सो पदबाट हटाउन सक्नेछ।

(४) निर्देशकको सेवा शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद–५

प्रतिष्ठानको कोष, लेखा तथा लेखा परीक्षण

१४. प्रतिष्ठानको कोषः (१) प्रतिष्ठानको एक छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति, संस्था वा सरकारबाट प्राप्त ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्यको रकम,

(ग) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्रतिष्ठानले रकम प्राप्त गर्दा श्री ५ को सरकारको स्वीकृती लिनु पर्नेछ।

१०२२


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१५. लेखा र लेखा परीक्षण: (१) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२)प्रतिष्ठानको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

## परिच्छेद-६
## विविध

१६. प्रतिष्ठानबाट प्रदान गरिने प्रमाणपत्रहरु : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले यस ऐन अन्तर्गत स्वास्थ्य सम्बन्धी स्नातक, स्नातकोत्तर, विद्यावारिधी तथा अन्य प्रमाणपत्र र उपाधि प्रदान गर्न सक्नेछ।

१७. प्रतिष्ठानबाट प्रदान गरिने प्रमाणपत्रहरुको मान्यता: यस ऐन बमोजिम प्रतिष्ठानबाट प्रदान गरिने स्वास्थ्य सम्बन्धी स्नातक, स्नातकोत्तर, विद्यावारिधि तथा अन्य प्रमाणपत्र र उपाधिको मान्यता नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम हुनेछ।

9023



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. <u>वार्षिक प्रतिवेदन</u> : प्रतिष्ठानको वार्षिक प्रतिवेदन निर्देशकले आर्थिक वर्ष समाप्त भएको तीन महीना भित्र परिषद् समक्ष पेश गर्नेछ।

१९. <u>अधिकार प्रत्यायोजन</u>: प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार परिषद्को कुनै सदस्य, निर्देशक वा प्रतिष्ठानको कुनै अधिकृत कर्मचारीलाई सुम्पन सक्नेछ।

२०. <u>श्री ५ को सरकारको राष्ट्रिय स्वास्थ्य र शिक्षा नीति अनुरूप कार्य गर्ने</u> : श्री ५ को सरकारको राष्ट्रिय स्वास्थ्य र शिक्षा नीति अनुरूप कार्य सञ्चालन गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

२१. <u>प्रतिष्ठानलाई छुट र सुविधा</u>: प्रतिष्ठानलाई देहाय बमोजिमका कुराहरूमा भन्सार, बिक्रीकर, आयकर जस्ता कर लाग्ने छैनन्:-

(क) प्रतिष्ठानको निर्माण तथा सञ्चालनको लागि विदेशबाट झिकाइने निर्माण सामग्री तथा मेशिनरी औजारहरूमा।

(ख) प्रतिष्ठानले प्रदान गर्ने छात्रवृत्ति, विद्वतवृत्ति र पुरस्कारहरूमा।

(ग) प्रतिष्ठानले प्राप्त गरेको दान, दातव्य, अनुदान तथा अन्य आयश्रोत र प्रतिष्ठानको सम्पत्तिमा।

१०२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखतको रजिष्ट्रेशनमा।

२२. सम्पर्क मन्त्रालय : प्रतिष्ठानले श्री ५ को सरकारसंग सम्पर्क राख्दा श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२३. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति २०४९।१०।५।२

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

9022



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार